यो आकाशवाणी हो।

Sept 14, 2025

## सुरुमा प्रमुख समाचार

१. प्रधानमन्त्रीले आज असममा विभिन्न विकस परियोजनाहरूको गर्नुभयो उद्घाटन र शिलान्यास

२. रक्षामन्त्री कोलकातमा संयुक्त कमाण्डर सम्मेलनमा सहभागी हुनुहुँदै

३. वित्तमन्त्रीले व्यापर तथा उद्योग संघको संयुक्त सम्मेलनलाई गर्नुभयो सम्बोधन

४. वाणिज्य तथा उद्योगमन्त्री निजी मिडिया संस्थाको वार्षिक सम्मेलनको छलफल सत्रमा सहभागी

५. आज राती ८ बजे टी-२० एसिया कपमा भारत र पाकिस्तान भिड्दै

--------------

## PM-Assam Visti

प्रधानमन्त्री नरेन्द्र मोदीले आज असममा १८ हजार ५३० करोड रुपियाँभन्दा बढी मूल्यका पूर्वाधार र औद्योगिक विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले दरंग जिल्लाको मंगलदोईमा जनतालाई सम्बोधन गर्दै, भारत विश्वको सबैभन्दा द्रुत गतिमा विकास भइरहेको देश हो र आसाम देशको सबैभन्दा द्रुत गतिमा विकास भइरहेको राज्यहरूमध्ये एक बनेको बताउनुभयो र देश विकसित भारत निर्माण गर्न एकताबद्ध रूपमा अगाडि बढिरहेको र यो सङ्कल्प प्राप्त गर्न पूर्वोत्तरको ठूलो भूमिका रहेको बताउनुभयो। प्रधानमन्त्रीले कुनै पनि क्षेत्रको द्रुत विकासका लागि द्रुत कनेक्टिभिटी धेरै महत्त्वपूर्ण भएकाले सरकारले पूर्वोत्तरमा कनेक्टिभिटीमा धेरै ध्यान केन्द्रित गरिरहेको बताउनुभयो।

## PM-Assam

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत ऊर्जा क्षेत्रमा आत्मनिर्भर बन्ने र विदेशी इन्धनमाथिको निर्भरता घटाउने अभियानमा रहेको बताउनुभएको छ। उहाँले आज दिउँसो गोलाघाट जिल्लामा भारतको पहिलो बाँस-आधारित जैविक-प्रशोधनको उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले जैविक-इथानोल प्लान्टको उद्घाटनक ा अवसरमा विशाल जमघटलाई सम्बोधन गर्दै, भारतले आफ्नो गहिरो पानी ऊर्जा स्रोतहरूको उपयोग गर्ने र ऊर्जा आत्मनिर्भरतालाई बलियो बनाउने जानकारी दिन ुभयो। उहाँले यो जैविक-इथानोल प्लान्ट त्यस लक्ष्यतर्फको कदम हो भन्दै, भारत सौर्य ऊर्जाको क्षेत्रमा शीर्ष पाँच देशहरूमध्ये एक बनेको बताउनुभयो।

## Rajnath-Kolkata

रक्षामन्त्री राजनाथ सिंह दुईदिने कोलकाताको भ्रमणमा हुनुहुन्छ। श्री सिंहले सामाजिक सञ्जालमा पोस्टमा उहाँ संयुक्त कमाण्डर सम्मेलनमा सहभागी हुने बताउनुभएको छ। यसको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि गर्नुहुनेछ। श्री सिंहले यस वर्षको सम्मेलनको मुख्य विषय- **सुधार, परिवर्तन, रूपान्तरण र सञ्चालन** रहने जानकारी दिनुभयो।

## Finance Minister

केन्द्रीय अर्थमन्त्री निर्मला सीतारमणले दीपावली, दुर्गा पूजा, नवरात्र अघि जीएसटीमा दोस्रो चरणको सुधार लागू गरिएको बताउनुभएको छ, जसले सबैलाई फाइदा पुऱ्याउनेछ। आज चेन्नईमा व्यापार तथा उद्योग संघहरूको संयुक्त सम्मेलनमा आफ्नो सम्बोधनमा अर्थमन्त्रीले लगभग ९९ प्रतिशत वस्तुहरूमा जीएसटी १२ प्रतिशतबाट घटाएर ५ प्रतिशत र २८ प्रतिशत जीएसटी १८ प्रतिशतमा झारिएको बताउनुभयो। उहाँले आठ वर्षअघि यो कर लागू हुँदा कुल ६५ लाख कम्पनीहरूले जीएसटी तिरेको जानकारी दिनुभयो। आज यो बढेर १.५ करोड पुगेको छ। उहाँले यो सरलीकरणलाई सबै सम्बन्धित संस्थाहरूले स्वागत गरेको पनि बताउनुभयो।

## Goyal-Media Conclave

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज नयाँ दिल्लीमा एक निजी मिडिया संस्थाको वार्षिक सम्मेलनको छलफल सत्रमा, भारत २०४७ सम्ममा ३० ट्रिलियन डलरको अर्थतन्त्र बन्ने बताउनुभयो। उहाँले २०१४ मा सरकार सत्तामा आउँदा मुद्रास्फीति नियन्त्रण यसको प्राथमिकता रहेको अनि भारतीय रिजर्भ बैंकलाई भारतको वित्तीय र मौद्रिक नीतिको निरन्तर निगरानी गर्ने जनादेश दिइएको जानकारी दिनुभयो। साथै, उहाँले सूक्ष्म, साना र मध्यम उद्यमहरूलाई सहयोग गर्ने सरकारको प्रयासहरूको उल्लेख गर्दै, अर्को पुस्ताको वस्तु तथा सेवा कर सुधारहरूले गर्दा झन्झटहरू कम भएको र कर प्रणाली सरल बनेको बताउनुभयो।

## Agriculture Conference

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले भोलि नयाँ दिल्लीमा राष्ट्रिय कृषि सम्मेलन- **रबी अभियान २०२५** को अध्यक्षता गर्नुहुनेछ। मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, यस दुईदिने सम्मेलनमा छलफल रबी बालीका किसानहरूलाई लाभान्वित गर्ने, उत्पादन लक्ष्य निर्धारण गर्ने, दिगो कृषि प्रणालीलाई प्रवर्धन गर्ने र राष्ट्रिय खाद्य सुरक्षामा केन्द्रित हुनेछ। यस सम्मेलनमा देशभरिका कृषि विज्ञ, वैज्ञानिक, नीति-निर्माता र राज्य सरकारका वरिष्ठ प्रतिनिधिहरू सहभागी हुनेछन्।

## Jitendra-Kashmir

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले आज जम्मू क्षेत्रमा हालै आएको बाढीबाट क्षतिग्रस्त सबै संरचनालाई बलियो म ापदण्डका साथ पुनर्निर्माण गरिने आश्वासन दिनुभयो ताकि भविष्यमा हुने प्रकोपहरूको सामना गर्न सकियोस्। उहाँले मुसलधारे वर्षा, अचानक आएको बाढी र पहिरोका कारण घर, पुल र सार्वजनिक सम्पत्तिहरूमा पुगेको व्यापक क्षतिको मूल्याङ्कन गर्नाका साथै सडक तथा भवन र

जनस्वास्थ्य इन्जिनियरिङ जस्ता विभागहरूलाई मर्मत र पुनर्स्थापना कार्यहरू तीव्र रूपमा गर्न निर्देशन दिनुभयो।

## Women Health

महिला स्वास्थ्य र कल्याणलाई प्रवर्धन गर्न आयुष मन्त्रालयले **"स्वस्थ नारी सशक्त परिवार"** अभियानमा भाग लिइरहेको छ। यो स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयको राष्ट्रिय अभियान हो। १६ दिने अभियान महिला स्वास्थ्य प्रवर्धन र विभिन्न रोगहरूको जाँचमा केन्द्रित छ। अभियानमा क्यान्सर, रक्तअल्पता, क्षयरोग र सिकल सेल रोगजस्ता नसर्ने रोगहरूका लागि स्वास्थ्य जाँच शिविरहरू समावेश हुनेछन्। अभियानक ा क्रममा घरेलु उपचार र पोषण किटहरू वितरण गरिनेछ।

## PM-Hindi Diwas

प्रधानमन्त्री नरेन्द्र मोदीले हिन्दी दिवसका अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ। उहाँले हिन्दी केवल सञ्चारको माध्यम मात्र नभई देशको पहिचान र मूल्य-मान्यताको जीवन्त सम्पदा भएको उल्लेख गर्दै, विश्व मञ्चमा हिन्दीप्रति बढ्दो सम्मान राष्ट्रका लागि गर्व र प्रेरणाको विषय भएको बताउनुभयो। श्री मोदीले हिन्दी लगायत सबै भारतीय भाषालाई समृद्ध बनाउन र भावी पुस्तालाई हस्तान्तरण गर्ने प्रतिज्ञा लिन जनतालाई अपील गर्नुभयो।

## Kerala-Disease

केरलामा, एक जना थप व्यक्ति दुर्लभ रोग **'अमीबिक इन्सेफलाइटिस'** बाट पीडित रहेको फेला परेका छन्। उनको तिरुवनन्तपुरम मेडिकल कलेजमा उपचार भइरहेको छ। यसैबीच, कोझिकोड मेडिकल कलेजमा उपचार गराइरहेका दस जना बिरामीको अवस्था सन्तोषजनक छ। यो दुर्लभ मस्तिष्क संक्रमणको बिमरा दूषित पानीमा पाइने मुक्त-जीवित अमीबाको कारणले हु ँदछ।

## Cricket-Asia Cup

आज दुबईमा हुने टी-२० एसिया कप क्रिकेटको समूह-ए को खेलमा भारतले पाकिस्तानको सामना गर्नेछ। यो खेल राति ८ बजेदेखि खेलिनेछ। यस वर्ष फेब्रुअरी पछि पहिलोपटक दुवै टोली आमनेसामने हुनेछन्।

## World Boxing

विश्व बक्सिङ च्याम्पियनसिपमा भारतकी जस्मिन लाम्बोरियाले स्वर्ण पदक जितिन्। जस्मिनले ५७ किलोग्राम तौल समूहको फाइनलमा पोल्याण्डकी जुलियालाई पराजित गरिन्।

## Badminton

आज, भारतका लक्ष्य सेनले हङकङ ओपन सुपर-५०० प्रतियोगिताको पुरुष एकलको फाइनलमा चीनका **ली सी-फेङ**को सामना गर्नेछन्। लक्ष्यले हिजो सेमिफाइनलमा चीन-ताइपेईका **चाउ-टिएन-चेन**लाई २३-२१, २२-२० ले पराजित गरे। त्यसैगरी आज भारतका सात्विक साईराज रन्किरेड्डी र चिराग शेट्टीको जोडीले पुरुष युगलको फाइनलमा चीनका **लियाङ-वेई-केङ** र **वाङ-चाङ**को जोडीको सामना गर्नेछन्। यो भारतीय जोडीले सेमिफाइनलमा चीन-ताइपेईका **बिंग-वेई-लिन** र **चेन-चेङ-कुआन**को जोडीलाई २१-१५ ले पराजित गरेको थियो।

## Tennis

टेनिसमा, भारतीय टोलीले डेभिस कप २०२५ विश्व समूह-१ मा स्विट्जरल्याण्डलाई ३-१ ले पराजित गरेको छ। हिजो बिएलको स्विस टेनिस एरिनामा, भारतका शीर्ष खेलाडी सुमित नाङ्गलले रिभर्स सिंगल्समा हेनरी बर्नाटलाई ६-१, ६-३ ले पराजित गर्दै, विश्व समूह-१ चरणमा भारतको जित सुनिश्चित गरे। यससँगै, भारतले १९९३ पछि युरोपेली देशमाथि पहिलो जित हासिल गर्दै, इतिहास रचेको छ। विश्व कप-१ मा विजयी तेह्र टोलीले डेभिस कप छनोट-२०२६ का लागि प्रतिस्पर्धा गर्नेछन्। पराजित टोलीले २०२६ विश्व समूह-१ प्ले अफमा खेल्नेछ।